# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 09.03.2025**

**Convocation KSU**

कञ्चनजङ्घा राज्य विश्वविद्यालयले आइतबार आफ्नो तेस्रो दीक्षान्त समारोह आयोजन गरी विद्यार्थीहरूलाई डिग्री प्रदान गरेको छ। दीक्षान्त समारोहमा राज्यपाल श्री ओमप्रकाश माथुर कुलाधिपतिको रूपमा उपस्थित हुनुहुन्थ्यो भने मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। समारोहमा शिक्षा मन्त्री श्री राजु बस्नेत लगायत अन्यको विशेष उपस्थिति रहेको थियो।

दीक्षान्त समारोहलाई सम्बोधन गर्दै राज्यपाल श्री ओमप्रकाश माथुरले शिक्षाको महत्वमाथि प्रकाश पार्नुभयो। राज्यपालले विद्यार्थीहरूको उज्जवल भविष्यको कामना गर्दै गुणात्मक शिक्षामाथि बल दिनुभयो। उहाँले राज्य र राष्ट्र निर्माणमा विद्यार्थीहरूको जिम्मेवारी महत्वपूर्ण रहेको बताउनु भयो। उहाँले विशेष गरेर मातृभाषा शिक्षाको महत्वमाथि प्रकाश पार्नुभयो।

आफ्नो सम्बोधनमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्य सरकारले शिक्षाको क्षेत्रमा उठाएका विभिन्न पदक्षेपहरूको जानकारी दिनुभयो। उहाँले निशुल्क शिक्षा, संस्कृत शिक्षालाई प्रोत्साहन, अपतन फेलोसिप कार्यक्रम, नरबहादुर भण्डारी फेलोसिप कार्यक्रम तथा सिक्किम मनिपाल विश्वविद्यालयमा एमबीबीएस सीट उपलब्ध गराएको विषयमा जानकारी दिनुभयो।

श्री तामाङले राज्य सरकारले गुणात्मक शिक्षामा विशेष ध्यान दिएको उल्लेख गर्दै तार्कुमा विश्वविद्यालयको स्थायी परिसरको निर्माण कार्य चाँडै पूरा हुने बताउनु भयो।

उहाँले राज्य सरकार सिक्किमलाई शिक्षाको केन्द्रको रूपमा विकसित गर्ने दिशामा अग्रसर रहेको पनि बताउनु भयो।

विश्वविद्यालयका कुलपति प्रोफेसर आशिष शर्माले यस वर्ष नेपाली र संस्कृत विभागका विद्यार्थीलाई डिग्री प्रदान गरिएको जानकारी दिनुभएको छ। उहाँले विश्वविद्यालयको स्थायी परिसर निर्माण भएपछि 29 वटा विभाग सञ्चालनमा रहने बताउनु भयो।

**Sahitya Akademi Award**

नयाँ दिल्लीको रविन्द्र भवनमा आज देशका विभिन्न 22 भाषाका साहित्यकारहरूलाई वर्ष 2024 को साहित्य अकादेमी पुरस्कारले सम्मानित गरियो। यस अवसरमा सिक्किमका साहित्यकार श्री युवा बराल उहाँको कथा संग्रह छिचिमिरा- का लागि साहित्य अकादमी पुरस्कारले विभूषित हुनुभएको छ। साहित्य अकादेमीले अघिबाट पुरस्कृत साहित्यकारहरूको नाम घोषणा गरिसकेको थियो। अकादेमीले 6 दिवसीय साहित्य महोत्वस मनाइरहेको छ। महोत्सवको आज दोस्रो दिन साहित्यकारहरूलाई अकादेमी पुरस्कारले विभूषित गरिएको हो।

**Parliament Budget Session**

संसदको बजेट अधिवेशनको दोस्रो चरण भोलिदेखि शुरु हुनेछ। यो चरण 4 अप्रेलसम्म चल्नेछ जसमा 20 वटा बैठक बस्नेछन्। वित्तमन्त्री श्रीमती निर्मला सीतारमन भोलि मणिपुरका लागि बजेट प्रस्तुत गर्नुहुनेछ। गत महिना मुख्यमन्त्री श्री एन बीरेन सिंहले राजीनामा दिएपछि राज्यमा राष्ट्रपति शासन लागू भएको थियो।

यस अवधिमा वर्ष 2025-26 का अनुदान मांगहरू अनि सम्बन्धित विनियोग विधेयकमाथि चर्चा अनि मतदान हुनेछ।

**Media Excellence Awards**

राज्यका वरिष्ठ पत्रकार श्री अमित पात्रोलाई सिक्किमका सर्वोकृष्ट पत्रकारका रूपमा 19औं Media Excellence Award-ले नयाँ दिल्लीमा सम्मानित गरिएको छ। शनिबार नयाँ दिल्लीमा Media Federation of India द्वारा आयोजित एक कार्यक्रममा केन्द्रिय सहकारिता, राजमार्ग एवम् परिवहन राज्यमन्त्री श्री हर्ष मल्होत्रोले श्री पात्रोलाई सम्मानित गर्नुभएको हो।

**Athletics Meet**

सोरेङ जिल्लाका स्कूलहरूलाई लिएर शनिबार सोरेङ मालबासे स्थिति डन बस्को स्कूल मैदानमा दोस्रो चरणको जिल्लास्तरीय एथलेटिक्स मिट सम्पन्न भयो। प्रतियोगितामा जिल्लाका विभिन्न स्कूलका विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो। सोरेङ जिल्ला एथलेटिक्स संघले आयोजना गरेको प्रतियोगिताको उद्देश्य राज्यस्तरीय प्रतियोगिताहरूका लागि खेलाडीहरू चयन गर्नु रहेको थियो।

**मौसम**

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारीअनुसार बितेको चौबीस घण्टामा गान्तोक र वरिपरिको क्षेत्रमा अधिकतम तापक्रम **14** डिग्री सेल्सियस र न्यूनतम तापक्रम **8 दशमलव 2** डिग्री सेल्सियस रेकर्ड गरियो।